यो आकाशवाणी हो ।

12-11-25 wed

सर्वप्रथम मुख्य समाचार।

- प्रधानमन्त्रीले दिल्लीमा भएको धमाकामा घाइते भएकाहरूसंग गर्नुभयो भेटघाट
- राष्ट्रपतिले **Gaborone -मा बोत्सवाना** का राष्ट्रपतिका साथ द्विपक्षीय वार्ता अनि आपसी हितका केही क्षेत्रीय र वैश्विक मुद्दामा गर्नुभयो चर्चा
- वित्त र कर्पोरेट मामिला मन्त्रीले नयाँ दिल्लीमा सूक्ष्म, लघु र मध्यम उद्यमका हितधारक-हरूका साथ तेस्रो बजेट-पूर्व परामर्शको अध्यक्षता गर्नुभयो,अनि
- सरकारले फिरोजपुर-पट्टी रेल लिङ्क परियोजनालाई दिएकोछ स्वीकृती

अब समाचार विस्तारमा।

**प्रधानमंत्री एलएनजेपी अस्पताल**

प्रधानमन्त्री नरेन्द्र मोदी आज लोक नायक जयप्रकाश नारायण अस्पताल जानुभयो र सोमवार दिल्लीमा भएको धमाकामा भएका घाइतेहरू संग भेटघाट गर्नुभयो । प्रधानमन्त्री भूटानको दुई दिनको यात्रा सम्पन्न भएपछि हवाई अड्डा बाट सिधा अस्पताल पुग्नुभयो। प्रधानमन्त्रीले घाइतेहरू संग बातचीत गर्नुभयो अनि उनीहरूलाई शीघ्र स्वस्थ हुने कामना पनि गर्नुभयो । अस्पतालका डाक्टर तथा वरिष्ठ अधिकारीहरूले प्रधानमन्त्रीलाई घाइते भएकाहरू बारे जानकारी दिए । सोशल मीडिया पोस्टमा, श्री मोदीले भन्नुभयो, यस षड्यन्त्रमा शामेल मानिसलाई छोडिनेछैन ।

**राष्ट्रपति - बोत्सवाना द्विपक्षीय वार्ता**

राष्ट्रपति द्रौपदी मुर्मुले आज **Gaborone -मा बोत्सवाना -** का राष्ट्रपति **डूमा बोकोका** साथ द्विपक्षीय वार्ता गर्नुभयो र आपसी हितका केही क्षेत्रीय र वैश्विक मुद्दामा चर्चा पनि गर्नुभयो । दुबै नेताले व्यापार र निवेश, कृषि, स्वास्थ्य, रक्षा, खनन, कौशल विकास र डिजिटल प्रौद्योगिकीमा सहयोग बढाउनमा सहमति व्यक्त गर्नुभयो ।

दुबै पक्षले स्वास्थ्य सेवा र औषधि क्षेत्रमा सहयोगमा एउटा समझौतामा पनि हस्ताक्षर गर्नुभयो । राष्ट्रपति मुर्मुले **बोत्सवाना**-लाई **एन्टी रेट्रो वायरल-ए.आर.वी** दवाइ पठाउने भारतको निर्णयको पनि घोषणा गर्नुभयो । ए.आर.वी दवाईको उपयोग एच.आई.वी संक्रमणको उपचारका लागि गरिन्छ।

राष्ट्रपति डूमा बोको-ले भन्नुभयो, भारत औषधी, विशेष रूपले **जेनेरिक दवाईको** एउटा अग्रणी निर्माता हो र यो समझौताले बोत्सवानाको गुणवत्तापूर्ण र किफायती दवाइ सम्मको पहुँचलाई सुगम बनाउनेछ , जसले बोत्सवानाको स्वास्थ्य सेवाको एउटा सतत समस्याको समाधान हुन्छ। उहाँले ए.आर.वी दवाईको प्रस्तावका लागि भारत प्रति आभार व्यक्त गर्नुभयो । प्रोजेक्ट चीतामा पनि एउटा महत्वपूर्ण घोषणा गरियो ।

## Public Broadcasting Day Regd (Source: Desk)

आज सार्वजनिक सेवा प्रसारण दिवस हो। यो दिवस प्रत्येक वर्ष बाह्र नोभेम्बरमा मनाइन्छ, जसले राष्ट्रपिता महात्मा गान्धीले **अल इण्डिया रेडियो** मार्फत गरेको ऐतिहासिक सम्बोधनलाई स्मरण गर्छ। सन् दुई हजारमा तत्कालीन सूचना तथा प्रसारण मन्त्री सुषमा स्वराजले प्रत्येक नोभेम्बर बाह्रलाई सार्वजनिक सेवा प्रसारण दिवसको रूपमा मनाइने घोषणा गर्नुभएको थियो।

## 29 संशो जयशंकर जी-7 बैठक

विदेश मन्त्री डाक्टर सुब्रह्मण्यम जयशंकरले आज क्यानेडामा जी-7 देशका विदेश मन्त्रीहरूको बैठक भन्दा अलग कनाडाकी विदेश मन्त्री **अनीता आननद** संग भेटघाट गर्नुभयो । एउटा सोशल मीडिया पोस्टमा डा. जयशंकरले यस आयोजनाका लागि सुश्री आनन्दलाई बधाई दिनुभयो र नयाँ रोडम्याप दुई हजार पचिसको कार्यान्वयनमा भएको प्रगतिको सराहना गर्नुभयो । उहाँले भन्नुभयो, भारतले यो द्विपक्षीय साझेदारी अझै सुदृढ हुने आशा गर्छ। डा. जयशंकरले मेक्सिको का विदेश मन्त्री **डा. जुआन रामोन डे ला फुएन्ते** संग पनि भेट गर्नुभयो र व्यापार, वाणिज्य, स्वास्थ्य, Pharmaceuticals, विज्ञान र प्रौद्योगिकी क्षेत्रमा सहयोगलाई अघि बढ़ाउने बारे चर्चा गर्नुभयो ।

## संशो बजट पूर्व बैठक

वित्त र कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले आज नयाँ दिल्लीमा सूक्ष्म, लघु र मध्यम उद्यमका हितधारकहरूका साथ तेस्रो बजेट-पूर्व परामर्शको अध्यक्षता गर्नुभयो । वित्त मन्त्रालयले सोशल मीडिया पोस्टमा बताएकोछ, यो बैठक आगामी केन्द्रीय बजेटको सम्बन्धमा आयोजित गरिएको थियो । मन्त्रालयले बताएकोछ, बैठकमा केन्द्रीय वित्त राज्य मन्त्री पङ्कज चौधरी पनि शामेल हुनुभयो ।

**समाचार आकाशवाणीबाट सुन्दैहुनुहुन्छ।**

## 35 स्वास्थ्य कार्यशाला

स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले Nursing नीति प्राथमिकता र श्रेष्ठ पद्धति बारे तीन दिवसीय राष्ट्रीय परामर्श र अनुभव कार्यशालाको आज आयोजना गर्यो । मन्त्रालयले बताएकोछ, यसको उद्देश्य Nursing र मिड वाइफरी क्षेत्रमा नीतिगत संवादलाई सुदृढ गर्नु तथा उनमा अझ सुधार गर्नु हो । यस अवसरमा स्वास्थ्य सचिव **पुण्य सलिला श्रीवास्तवले** भन्नुभयो, नर्स र मिड वाइफ देशको स्वास्थ्य प्रणालीको महत्वपूर्ण स्तम्भ हो।

## 39-पंजाब-रेलवे परियोजना

सरकारले फिरोजपुर-पट्टी रेल लिङ्क परियोजनालाई स्वीकृती दिएकोछ। यसको कुल लम्बाई पचिस किलोमीटर अधिक हुनेछ । यो परियोजना पूरा भएपछि फिरोजपुर र अमृतसर बीचको दूरी एक सय छयानब्बे किलोमीटरबाट घटेर लगभग सय किलोमीटर रहनेछ । रेल राज्य मन्त्री **रवनीत सिंह बिट्टू**-ले आज चण्डीगढमा यस परियोजनाको घोषणा गर्दै भन्नुभयो, यसमा सात अरब चौसट्ठी करोड़ रुपियाँ भन्दा अधिकको अनुमानित लागत आउनेछ। यसमा एक सय छयासट्ठी करोड़ रुपियाँ भूमि अधिग्रहणका लागि हुनेछ । यस परियोजनाले दस लाख जनालाई लाभ हुनेछ भने लगभग ढाई लाख रोजगारको अवसर सृजना हुनेछ।

## 25 बिहार चुनाव

बिहार विधानसभा चुनाव पछि दुबै प्रमुख गठबन्धन एनडीए र महागठबन्धनले निर्णायक बहुमत हासिल गर्ने दावी गरेकोछ।

महागठबन्धनका मुख्यमन्त्री पदका उम्मेदवार र राष्ट्रीय जनता दलका नेता तेजस्वी प्रसाद यादवले ठूलो संख्यामा मतदानका लागि राज्यका मतदाताहरूलाई आभार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, यो भारी मतदानले मानिसमा परिवर्तनको इच्छा - परिवर्तनका लागि भोटलाई दर्शाउँछ । यस बीच **ई.भी.एम** र **वी.वी.पेट** मा कड़ा सुरक्षा बीच विभिन्न जिला मुख्यालहरूको strong रूममा सुरक्षित राखीएको छ भने, पूरा प्रक्रियामा सीसीटीवी क्यामराले नज़र राखीएकोछ । मतगणना चौध नवेम्बरमा हुनेछ।

## बाल साहित्य पुरस्कार

यस वर्षको साहित्य अकादमी-बाल साहित्य पुरस्कार  चौध  नवेम्बरमा नयाँ दिल्लीमा प्रदान गरिनेछ । बाल साहित्यको विधामा यो वार्षिक पुरस्कार साहित्य अकादमीका अध्यक्ष **माधव कौशिकले**  प्रदान गर्नुहुनेछ। संस्कृति मन्त्रालयले बताएकोछ, पुरस्कार विजेताहरूलाई एउटा कास्य पट्टिका-का साथ पचास हज़ार रुपियाँको चेक पनि दिइनेछ। हिन्दी साहित्यमा यो पुरस्कार सुशील शुक्लालाई उहाँको पुस्तक **'एक बटे बारह'** का लागि छ भने अंग्रेजीमा नितिन कुशलप्पा-लाई **'दक्षिण- साउथ इण्डियन मिथ्स एण्ड फेबल्स रिटोल्ड –**का लागि प्रदान गरिनेछ।

## मौसम

मौसम विभागले आज तमिलनाडु, पुद्दुचेरी र कराईक्कालमा तिव्र  बर्षाको अनुमान व्यक्त गरेको छ। विभागले बताएको छ, यस महीनाको पन्द्रह  तारीख सम्म मध्य प्रदेशमा शीत लहरको स्थिति बनी रहनेछ भने, अगिलो तिन देखी चार  दिनमा दक्षिण हरियाणा, छत्तीसगढ़, दिल्ली, चण्डीगढ़ र पूर्वी राजस्थानमा पनि यस्तै स्थिति बनी रहने सम्भावना छ।

अनत्यमा मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले दिल्लीमा भएको धमाकामा घाइते भएकाहरूसंग गर्नुभयो भेटघाट
- राष्ट्रपतिले **Gaborone** -मा **बोत्सवाना** का राष्ट्रपतिका साथ द्विपक्षीय वार्ता  अनि आपसी हितका केही क्षेत्रीय र वैश्विक मुद्दामा गर्नुभयो चर्चा
- वित्त र कर्पोरेट मामिला मन्त्रीले नयाँ दिल्लीमा सूक्ष्म, लघु र मध्यम उद्यमका हितधारकहरूका साथ तेस्रो बजेट-पूर्व परामर्शको अध्यक्षता गर्नुभयो,अनि
- सरकारले फिरोजपुर-पट्टी रेल लिङ्क परियोजनालाई दिएकोछ  स्वीकृती